# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, कार्तिक २४ गते २०६० साल (अतिरिक्ताङ्क ४५


## भाग ३

श्री ५ को सरकार

रक्षा मन्त्रालयको सूचना

### सैनिक प्रहरी सम्वन्धी (पहिलो संशोधन) नियमावली, २०६०

सैनिक प्रहरी सम्वन्धी नियमावली, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सैनिक प्रहरी सम्वन्धी (पहिलो सशोधन) नियमावली, २०६०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. सैनिक प्रहरी सम्वन्धी नियमावली, २०५८ को नियम ४ मा संशोधन : सैनिक प्रहरी सम्वन्धी नियमावली, २०५८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छ :-

"(४) सैनिक प्रहरीको पदपूर्ति : (१) शाही नेपाली जङ्गी अड्डा अन्तर्गतको केन्द्रीय सैनिक प्रहरी गुल्मको सैनिक प्रहरीको दरवन्दीमा पदपूर्ति गर्दा पुरुष सैनिक प्रहरीतर्फ अन्य युनिटबाट सरुवा गरी र सैनिक प्रहरीको सिपाही पदमा महिलालाई भर्ना गर्दा खुला प्रतिस्पर्धाको आधारमा पदपूर्ति गरिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) वमोजिम सरुवा गरी पदपूर्ति गरिने पुरुष सैनिक प्रहरीको योग्यता देहाय वमोजिम हुनुपर्नेछ :-

(क) एस.एल.सी. वा आर्मी फष्ट क्लास पास,

(ख) ५ फिट ५ इन्च उचाइ भएको ।

(३) उपनियम (१) वमोजिम खुला प्रतिस्पर्धाको आधारमा पदपूर्ति गरिने व्यक्तिको योग्यता देहाय वमोजिम हुनु पर्नेछ :-

(क) नेपाली नागरिक भएको,

(ख) एस.एल.सी.वा सो सरह उत्तीर्ण भएको,

(ग) घटीमा ५ फिट २ इन्च उचाइ भएको,

(घ) दरखास्त दिने अन्तिम दिनसम्ममा १८ वर्ष उमेर पूरागरी २२ वर्ष ननाघेको ।

(ङ) मेडिकल जाँचवाट योग्य ठहरिएको,

(च) सक्रिय राजनीतिमा नलागेको,

(छ) अंग्रेजी लेखपढ गर्न सक्ने,

(ज) अविवाहित वा एकल महिला भएको ।

(४) महिला सैनिक प्रहरीमा नियुक्ति पाउने व्यक्तिले सैनिक प्रहरी आधार तालीमको अवधिभर विवाह गर्न पाउने छैन ।"

३. मूल नियमावलीमा नियम ४क.,४ख.,४ग. र ४घ.थप : मूल नियमावलीको नियम ४ पछि देहायका नियम ४क., ४ख.,४ग. र ४घ. थपिएका छन् :-

"४क. भर्ना समिति : नियम ४ को उपनियम (१) वमोजिम खुला प्रतिस्पर्धाबाट सिपाही पदमा भर्ना हुन चाहने महिला उम्मेदवारको छानविन तथा नियुक्ति गर्न देहाय वमोजिमको भर्ना समिति गठन हुनेछ :-

(क) कार्यरथी वा निजले खटाएको अधिकृत - अध्यक्ष

(ख) कार्यरथी विभाग (संगठन र संचालन)का अधिकृत - सदस्य

(ग) केन्द्रीय सैनिक प्रहरीका पति - सदस्य

(घ) शाही नेपाली सैनिक अभिलेखालयका अधिकृत - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४०
मुद्रण विभाग, सिंहदरबार

(ङ) कार्यरथी विभाग (भर्नाछनौट) का मुख्य अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य-सचिव

४ख. <u>महिला सैनिक प्रहरीमा पदोन्नति</u> : (१) सैनिक प्रहरीमा कार्यरत महिला सैनिक प्रहरीलाई अधिकृतमा पदोन्नतिको लागि सिफारिस गर्न देहाय वमोजिमको प्रवर समिति गठन हुनेछ :-

(क) कार्यरथी वा निजले खटाएको अधिकृत -अध्यक्ष

(ख) सैनिक सचिव वा निजको अनुपस्थितिमा निजले तोकेको अधिकृत -सदस्य

(ग) केन्द्रीय सैनिक प्रहरीका पति -सदस्य

(घ) केन्द्रीय सैनिक प्रहरीका अधिकृत प्रतिनिधि -सदस्य

(ङ) कार्यरथी विभाग (भर्नाछनौट) का मुख्य अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य-सचिव

(२) उपनियम (१) वमोजिमको प्रवर समितिले निम्न योग्यता पुगेका सैनिक प्रहरीमा कार्यरत पदिक महिला सैनिक प्रहरीलाई पदोन्नतिको लागि छनौट गरी पदिक अधिकृत आधार तालीममा सरिक गराई उत्तीर्ण भएपछि नियम ४घ. वमोजिम आयुक्त पदको लागि सिफारिश गर्नेछ :-

(क) पदिक दर्जामा पाँच वर्ष सेवा गरी आवश्यक तालीम पूरा गरेको,

(ख) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी पदिक दर्जामा दुई वर्ष सेवा गरेको ।

४ग. <u>महिला सैनिक प्रहरी अधिकृतको नियुक्ति</u> : नियम ४ख. वमोजिमको प्रवर समितिले सिफारिश गरेको सैनिक प्रहरीमा कार्यरत महिला सैनिक प्रहरीलाई आयुक्त पदमा नियुक्ति गर्न प्रधान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४१

सेनापतिले श्री ५ महाराजाधिराजको स्वीकृतिका निम्ति श्री ५ को सरकार, रक्षा मन्त्रालयमा पेश गर्नु पर्नेछ र स्वीकृति प्राप्त भएको मितिदेखि उक्त उम्मेदवारले आयुक्त पद पाउनेछ ।

४घ. पदिक तथा हुद्दा अधिकृत क्याडेट छनौट : सैनिक प्रहरीमा कार्यरत महिला सैनिक प्रहरीको पदिक तथा हुद्दा अधिकृत क्याडेट छनौट शाही नेपाली सेनाको प्रचलित कानून वमोजिम हुनेछ ।"

आज्ञाले,

विष्णुराज कुसम

श्री ५ को सरकारको निमित्त सचिव



मुद्रक: मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४२